का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ माघ २०८०,
शनिबार
27 January 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# सुदूरपश्चिम माओवादीमा विद्रोह

*काठमाडौं आएर पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्ड र पार्टी उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायतलाई भेटेर फेर्किएको केही दिनमै विद्रोही समूहले बहुमत जुटाएर मुख्यमन्त्रीका आकांक्षी खगराज भट्टलाई संसदीय दलको नेताबाट हटाइदिएका हुन् ।*



**खगराज भट्टलाई हटाएर मानबहादुर धामीलाई प्रदेश संसदीय दलको नेता चयन गर्न शुक्रबार बसेको नेकपा माओवादी केन्द्र सुदूरपश्चिम प्रदेश सभाका बहुमत सदस्यहरूको बैठक ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

नेकपा माओवादी केन्द्रको सुदुरपश्चिम प्रदेश संसदीय दलमा विद्रोह भएको छ । काठमाडौं आएर पार्टी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड र पार्टी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ लगायतलाई भेटेर फेर्किएको केही दिनमै विद्रोही समूहले बहुमत जुटाएर मुख्यमन्त्रीका आकांक्षी खगराज भट्टलाई संसदीय दलको नेताबाट हटाइदिएका हुन् ।

शुक्रबार बिहान उपनेता अक्कलबहादुर रावलको अध्यक्षतामा बसेको बहुमत सांसदको बैठकले दलका नेता भट्टलाई परिवर्तन गरेर मानबहादुर धामी सन्तोषलाई चयन गरेको छ । भट्ट अनुपस्थित बैठकमा प्रदेश सभाका १० मध्ये ६ जना उपस्थित थिए ।

विद्रोही समूहको बैठकमा मानबहादुर धामी, अक्कलबहादुर रावल, ओमविक्रम भाट सरल, लक्ष्मी विक, शिवसिंह ओली र गीतादेवी मालको उपस्थिति थिए । गीतादेवी माल प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री पनि हुन् ।

बैठकमा नेता भट्ट, सामाजिक विकासमन्त्री झपटसिंह रावल र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र जानकी पौडेल कुँवर सहभागी थिएनन् । माओवादी केन्द्रले दलको नेता परिवर्तन भएको जानकारी प्रदेश सभा सचिवालयलाई लिखितरुपमा दिएको छ ।



> वैधानिकताका कुनै प्रश्न छैन । पार्टीले पनि सहजै मान्छ । किनभने संघीयताको हिमायती माओवादी हो । यो पार्टीले प्रदेशको निर्णय नमाने कसले मान्छ त ?
>
> **मानबहादुर धामी**
> विद्रोही नेता

बहुमत जुटाएर निर्णय गरेकाले विद्रोही समूह नै वैधानिक भएको नेताहरुको भनाइ छ । नवनिर्वाचित प्रदेश संसदीय दलको नेता धामी भन्छन्, 'वैधानिकताका सन्दर्भमा कुनै प्रश्न छैन । प्रदेश सभा सचिवालयलाई जानकारी गराइसकेका छौं ।'


साथै, पार्टीको केन्द्रीय नेतत्वले आफूहरुको निर्णय मान्नुपर्ने उनीहरुको दलिल छ । 'पार्टीले स्पष्ट रुपमा संघीय प्रणालीलाई अपनाएको छ' उनी भन्छन्, 'माओवादी केन्द्रले संघीयतालाई अवलम्बन गरेको छ । यस अनुसार पार्टीले निर्णय मान्छ र अगाडि बढाउँछ । किनभने संघीयताको हिमायती पार्टी माओवादी हो । यसले प्रदेशको निर्णय नमाने कसले मान्छ त ?'

उपनेता अक्कलबहादुर राव लभने केन्द्रका नेताहरुकै सल्लाहमा दलको नेता परिवर्तन गरेको बताउँछन् । राष्ट्रिय सभाको चुनावको कारण नेता चयनमा ढिलाइ गरेको उनको भनाइ छ ।

अब मन्त्री परिवर्तन गर्ने सल्लाह भइरहेको उनले बताए । प्रदेश सरकारमा माओवादीका सामाजिक विकास र उद्योग, पर्यटन, वन तथा वातावरण गरेर दुई मन्त्री र एक राज्यमन्त्री रहेका छन् ।

# विमानस्थलभित्रै प्रहरी र कर्मचारीबीच कुटाकुट

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ माघ ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन विभागका कार्यालयका कर्मचारी र नेपाल प्रहरी बीच शुक्रबार कुटाकुट भएको छ । अध्यागमनका अधिकृत छायाँलाल मोक्तानलाई प्रहरीले चेकजाँच गर्न खोज्दा विवाद भएको थियो । त्यही विवादमा प्रहरी र कर्मचारीबीच कुटाकुट भएको हो ।

कुटाकुट भएको भिडियो सार्वजनिक भएको छ । यो घटनाको छानबीन गर्न गृह मन्त्रालयले शुक्रबार नै एक छानबीन समिति गठन गरेको छ । मन्त्रालयका सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोला र सीमा तथा अध्यागमन प्रशासन शाखाका उपसचिव कुलबहादुर जिसी सदस्य रहेको छानबीन समिति गठन गरेको हो ।

यो समितिलाई तीन दिनको समय दिइएको छ । 'यस सम्बन्धमा आवश्यक छानबीन गरी तीन दिनभित्र राय सहितको प्रतिवेदन पेश गर्न ...', मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । मुलुककै संवेदनशील रहेको त्रिभुवन अन्तर ाष्ट्रिय विमास्थलमा केही समय यता प्रहरी र कर्मचारीबीच विवाद बढेर गएको थियो ।

प्रहरीले चेकजाँचमा हस्तक्षेप गरेको भन्दै कर्मचारीहरु आन्दोलन समेत गरिसकेको छ । विशेषगरी भिजिट भिसाका नाममा विदेश जानेहरुलाई साथ >>> पृष्ठ २ मा

**यु-१९ विश्वकप**

# नेपाल सुपर सिक्समा



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

नेपाल आईसीसी यु-१९ विश्वकप क्रिकेटको सुपर सिक्समा प्रवेश गरेको छ । शुक्रबार भएको खेलमा अफगानिस्तानलाई १ विकेटले हराउँदै नेपाल सुपर सिक्समा प्रवेश गरेको हो । दक्षिण अफ्रिकाको इस्ट लण्डनमा पाकिस्तानले दिएको १४६ रनको लक्ष्य नेपालले ४४ ओभर ४ बलमा ९ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपाल रहेको समूह 'डी'बाट पाकिस्तान र न्युजिल्याण्डले यसअघि नै सुपर सिक्सनको यात्रा तय गरिसकेका छन् ।

नेपालका लागि कप्तान देव खनालले ५८ रनको अर्धशतकीय पारी खेले । ८९ बल खेलेका उनले ७ चौका प्रहार गरे । दिपक बोहराले २७ रन बनाउँदा आकाश त्रिपाठी १६ रनको योगदान गर्दा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

आफगानिस्तानका लागि फ्रिदोन दावदजाईले तीन विकेट लिए । त्यस्तै खलिल अहमद र नसिर खानले दुई-दुई विकेट लिए । अफगानिस्तानका लागि गजनफर र अर्ब गुलले एक-एक विकेट लिए ।

टस जितेर पहिला ब्याटिङ गरेको अफगानिस्तानले ४०.१ ओभरमा सबै विकेट गुमाएर १४५ रन बनाएको थियो । अफगानिस्तानका स्पिन अलराउन्डर मोहम्मद अल्लाह घजान्फरले २१ बलमा ४ चौका र ३ छक्कासहित सर्वाधिक ३७ रन बनाए । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### रोजगारीका लागि विदेशिने कामदारबाट बीमा कम्पनीको आकर्षक आम्दानी

# छ महिनामा उठ्यो डेढ अर्ब

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

जीवन बीमा कम्पनीहरूले वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी बीमाबाट उल्लेख्य आर्जन गरेका छन् । नेपाल बीमा प्राधिकरणका अनुसार चालु आर्थिक वर्ष २०८०-०८१ को ६ महिना अर्थात पुस मसान्तसम्म जीवन बीमा कम्पनीहरुले वैदेशिक रोजगार बीमालेखबाट करिब डेढ अर्ब रुपैयाँ बीमाशुल्क आर्जन गरेका छन् । बीमा प्राधिकरणका अनुसार हाल १० वटा बीमा कम्पनीहरुले वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी बीमा गरिरहेका छन् ।

वैदेशिक रोजगार बीमालेखबाट १० बीमा कम्पनीले १ अर्ब ४५ करोड ४५ लाख रुपैयाँ संकलन गरेका छन् । वैदेशिक रोजगार बीमालेखबाट सबैभन्दा बढी आर्जन गर्ने बीमा कम्पनीमा लाइफ बीमा क्षेत्रमा नयाँ कम्पनीको रूपमा रहेको सन नेपाल लाइफ लिमिटेड शीर्ष स्थानमा रहेको छ । कम्पनीले ६ महिनामा वैदेशिक रोजगारमा गएका कामदारबाट ३६ करोड ९१ लाख रुपैयाँ बीमाशुल्क उठाएको छ ।

दोस्रो स्थानमा रहेको नेपाल लाइफले ३२ करोड ५ लाख, तेस्रोमा रहेको आइएमई लाइफ कम्पनी लिमिटेड र चौथो स्थानमा रहेको एसियन लाइफले समान १६ करोड ४१ लाख रुपैयाँ, पाँचौं स्थानमा रहेको नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले १२ करोड ५७ लाख रुपैयाँ र छैटौं स्थानमा रहेको सूर्यज्योति लाइफले १० करोड ४ लाख रुपैयाँ आर्जन गरेका छ ।

त्यस्तै सातौं स्थानमा रहेको सानिमा रिलायन्स लाइफ कम्पनी लिमिटेडले ९ करोड ७१ लाख रुपैयाँ, रिलायबल नेपाल लाइफ कम्पनी लिमिटेडले ८ करोड ८३ लाख रुपैयाँ, सिटिजन लाइफ कम्पनी लिमिटेडले ६ करोड ९ लाख रुपैयाँ र प्रभु महालक्ष्मी लाइफ कम्पनी लिमिटेडले १४ लाख ८४ हजार रुपैयाँ बीमाशुल्क आर्जन गरेको प्राधिकरणले जनाएको छ । वैदेशिक रोजगार ऐनले श्रम स्वीकृतिका लागि बीमा अनिवार्य गरेको छ ।

वैदेशिक रोजगारी (म्यादी) जीवन बीमा गरेका कामदार ६ महिनासम्ममा पनि विदेश नगए बीमालेख स्वतः रद्द हुने व्यवस्था छ । बीमालेख रद्द गर्दा कम्पनीले ५ सय रुपैयाँ कट्टा गरी बाँकी बीमा शुल्क फिर्ता दिनुपर्ने व्यवस्था छ । तर व्यवहारमा वैदेशिक रोजगारमा नजाने कामदार बीमा शुल्क फिर्ता लिन बीमा कम्पनी जाने गरेका छैनन् ।

वैदेशिक रोजगारमा जाने कामदारको भिसाको अवधिभन्दा थप १ वर्ष बढीको बीमालेख जारी गर्ने गरिएको छ । सरकारले २०७३ फागुन १ गतेदेखि लागू हुने गरी वैदेशिक रोजगार बीमामा घातक रोग पनि समावेश गरेको हो । जसअन्तर्गत क्यान्सर, मिर्गौला फेलियर, प्राइमरी पल्मोनरी आर्टरियल हाइपरटेन्सन, अयोर्टा ग्राफ्ट सर्जरी, मुटुको भल्भ सर्जरी, स्ट्रोक, पहिलो हृदयाघात, मल्टिपल स्क्लेरोसिस, महत्वपूर्ण अंग प्रत्यारोपण, >>> पृष्ठ २ मा

### पोर्चुगल पठाउने भन्दै ठग्ने पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक पोर्चुगल पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा प्रहरीले नुवाकोट लिखुका रोजिन न्यौपानेलाई पक्राउ गरेको छ । हाल काठमाडौंको तारकेश्वर नेपालटार बस्ने न्यौपानेले निरज धमलासमेत ७ जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति दश लाख रुपैयाँ लाग्ने बताएर १२ लाख >>> पृष्ठ २ मा

**मन्त्रालयमा फाइल नरोक्ने सरकारी उपाय**

# १५ दिन अड्किए स्वतः सदर

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

> *कुनै पनि मन्त्रालयले अर्को मन्त्रालय वा निकायमा राय, परामर्श वा सहमतिका लागि पठाएको फाइल १५ दिन अड्किए स्वतः सदर हुने निर्णय सरकारले गरेको हो ।*

सरकारले मन्त्रालयहरुमा फाइल रोकिने प्रबृति रोक्न खोजेको छ । यसका लागि कुनै पनि मन्त्रालयले अर्को मन्त्रालय वा निकायमा राय, परामर्श वा सहमतिका लागि पठाएको फाइल १५ दिन अड्किए स्वतः सदर हुने निर्णय लिएको छ ।

यसअघि मन्त्रालयले फाइल अड्काइदिएको भन्ने गूनासो सम्बोधन गर्न सरकारले यसखाले निर्णय लिएको हो । मुख्यसचिव वैकुण्ठ अर्यालका अनुसार मन्त्रिपरिषदको बैठकबाट राय/सहमति माग भएको १५ दिनभित्र फाइल उपलब्ध नगराए स्वतः सहमति प्रदान गरेको सरह मानिनेछ ।

'नेपाल सरकारका एक मन्त्रालयबाट अर्को मन्त्रालयरनिकायमा कुनै विषयमा राय, परामर्श वा सहमति माग गरिएकोमा पत्र प्राप्त भएको मितिले १० दिनभित्र राय, परामर्श वा सहमति उपलब्ध गराउने । राय, परामर्श वा सहमति उपलब्ध गराउने सम्बन्धमा प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही बमोजिम र अवधि नतोकिएकोमा १५ दिनभित्र राय, >>> पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:- **Salary : Negotiable.**

1. Public Relation officer (P.R.O)-Male/ Female-4

(MINIMUM SALARY -25000 TO 30000)

**Requirements :** *confident and able to work under pressure*

Experiences-Minimum 5 years in Manpower fields

**H.M.T OVERSEAS PVT LTD**
SINAMANGAL,GAMKA MARGA,KATHMANDU
CELL NO-9818313946 ,9803515104 ,9841788448, 9869317171
(GOV LIC-1429/074/075)

**कर्मचारी आवश्यकता**

यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**पब्लिक रिलेशन अफिसर : ५ जना (महिला/पुरुष)**

योग्यता:- Bachelor पास हुनुपर्ने ।
सम्बन्धित क्षेत्रमा कम्तीमा दुई बर्षको कार्य अनुभव हुनुपर्ने ।
अंग्रेजि राम्रो संग बोल्न सक्ने हुनुपर्ने ।
तलब :- कम्पनीको नियम अनुसार आपसी सहमतिमा तय गरिने छ ।

Send the cv on :
blram26@gmail.com
9818394474
9851082561

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल

# फरार नगर प्रमुखविरुद्ध 'रेड नोटिस'

**बागलुङ/मस–** सहकारीको बचत रकम हिनामिना गरेर फरार रहेका बागलुङको ढोरपाटन नगरपालिकाका प्रमुख तथा इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्ष देवकुमार नेपालीलाई खोज्न 'रेडकर्नर नोटिस' जारी गरिएको छ ।

सहकारीका बचतकर्ताको डेढ अर्ब बढी रकम लिई फरार नेपालीविरुद्ध प्रहरी प्रधान कार्यालय इन्टरपोल महाशाखाले 'रेडकर्नर नोटिस' जारी गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनए ।

नगरप्रमुख नेपाली गत जेठ ५ गतेदेखि सपरिवार बुर्तिवाङ बजारबाट सम्पर्कविहीन भएका थिए । बागलुङ बजारमा मुख्य कार्यालयसहित गलकोट, बुर्तिवाङ तथा पोखरामा शाखा कार्यालयमार्फत बचत



संकलनबापतको उक्त रकम हिनामिना गरी फरार भएका नेपाली विदेशमा लुकेर बसेको आशंकामा इन्टरपोलमार्फत खोजी गर्न प्रहरीले 'रेडकर्नर नोटिस' जारी गरेको छ । जिल्ला प्रहरी कार्यालयले इन्टरपोललाई रेडकर्नर नोटिस जारी गर्नका लागि गत भदौमा पत्र पठाएको थियो ।

नेपालीलगायत सहकारी सञ्चालकविरुद्ध एक हजार चार सय ८१ जनाले उजुरी दर्ता गराएका छन् । केसीका अनुसार बागलुङमा मात्रै सहकारीले आठ सय सेयर सदस्य र तीन हजार दुई सय बचतकर्ताको डेढ अर्ब रुपैयाँ बढी रकम बचत अपचलन गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

'विश्वभर इन्टरपोलमा आबद्ध देशका सुरक्षाकर्मीको सहयोगमा पक्राउ गर्नका लागि रेडकर्नर नोटिस जारी गरिन्छ', प्रनाउ केसीले भने, 'विश्वको जुन कुनामा भए पनि पक्राउ गरेर नेपाल ल्याउन र बचतकर्ताको रकम फिर्ता गर्नका लागि नोटिस जारी गरिएको छ ।'

ढोरपाटन-१ घर भएका नगरप्रमुख नेपालीसहित ११ जना सञ्चालकविरुद्ध गत असार २५ मा बागलुङस्थित जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो । नगरप्रमुख नेपाली सम्पर्कविहीन भएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले इमेज सहकारीका कार्यवाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन र सञ्चालक सदस्यत्रय चित्रबहादुर भण्डारी, रुपा विक तथा झगबहादुर शाहीविरुद्ध अनुसन्धान अगाडि बढाउन जिल्ला प्रहरी कार्यालयलाई गत जेठ १६ मा पत्राचार गरेको थियो ।

गत साउन ४ गते सहकारीका बचतकर्ताको अर्बौं रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका सञ्चालक भण्डारी, कर्मचारी प्रबन्धक शक्ति किसान र कर्मचारी लालमती रोकालाई अदालतले थुनामा राख्न आदेश दिएको थियो । शुक्रबार नै कोषाध्यक्ष सेनलाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ ।

# सरस्वती पूजा नजिकिँदै गर्दा मूर्तिकारहरु व्यस्त

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ माघ



सरस्वती पूजा नजिकिँदै गर्दा रौतहटका मूर्तिकारहरु व्यस्त बनेका छन् । उनीहरुले परालला डोरीले बाँधेर हात, खुट्टा र शरिरको आकृति निकालेर त्यसलाई चिम्टाइलो माटोले उक्त आकृतिमा लिप्ने गर्दछन् । त्यसपछि उक्त मूर्तिलाई घाममा सुकाएर विभिन्न रंग रोगन गरेर बिक्री वितरण गर्ने गर्दछन् । यस वर्ष फागुन २ गते सरस्वती पूजा परेको छ । सरस्वती पूजाको दिन नजिकिँदै जाँदा विगतका वर्षमा झैँ मूर्तिकारहरू सरस्वतीको प्रतिमा बनाउन व्यस्त छन् । गौरसहित अन्य विभिन्न स्थानमा मूर्तिकारहरु कडा मेहनतका साथ सरस्वतीको मूर्ति बनाइरहेको स्थानीयले बताएका छन् ।

जिल्लाका विभिन्न ठाउँमा रहेका क्याम्पस, विद्यालय र शैक्षिक प्रतिष्ठानमा सरस्वतीको मूर्ति राखेर सरस्वती पूजाआराधना गर्ने चलन छ । त्यसलाई लक्षित गरी यहाँका मूर्तिकार माटोका कलात्मक मूर्ति बनाउन व्यस्त भएका हुन् । यस्ता मुर्तिहरु बनाउन भारतीय कालीगढहरु समेत आएका हुन्छन् । पछिल्लो समय नेपाली कालीगढहरुले नै माटोका मूर्तिहरु बनाएर आम्दानी गर्ने गरेका छन् ।

आफुले प्रत्येक वर्ष यो सिजना १ महिनामै मूर्ति बनाएर १ देखि डेढ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेको मूर्तिकार कुल्दीप पण्डितले बताए । जिल्लाको गौर, गरुडा, चन्द्रपुर, कटहरीया,पिपरा,समनपुर, लगायतका बजारहरुमा ठूलो संख्यामा मूर्तिकारहरुले सरस्वतीको मूर्ति बनाइरहेका छन् । मूर्ति बनाउनमा लागत कम भएपनि मेहनत बढी लाग्ने गर्दछ । माटो, पराल, बाँस तथा काठका केही टुक्राबाट बनाइने मूर्तिमा सबै भन्दा बढी मेहनत लाग्ने गर्दछ ।

एउटा मूर्ति बनाउन ४ देखि ५ हजार रुपैयाँ लाग्ने गरेको र ७ देखि ८ हजारमा बिक्री गर्दा प्रतिमूर्ति २ देखि ३ हजार रुपैयाँ बचत हुने गरेको कालिगढहरु बताउँछन् । तराई मधेशका जिल्लाहरुमा कालिगढहरुले पर्व अनुसार विभिन्न देवी देउताको मूर्ति बनाएर बिक्री वितरण गर्ने गर्दछन् ।

# २०८१ को पात्रो माघ १५ देखि बजारमा आउँदै

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, १२ माघ

२०८१ को पात्रो माघ १५ गतेदेखि बजारमा आउने भएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले वि.सं २०८१ का लागि १५ पात्रोलाई स्वीकृति दिएको र माघ १५ देख बजारमा आउने बताएको छ ।

विसं २०८१ का लागि समितिले १५ वटा पात्रोलाई स्वीकृति




दिने निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले मध्याह्न दैनिकलाई जानकारी दिए । उनले स्वीकृति दिएका पात्रो माघ १५ गतेदेखि बजारमा आउने समितिले बताएको छ । आगामी वर्षका लागि तोयनाथ पन्तको, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, सूर्य, आकाश दर्शन, बंगलामुखी, शुभ, बाबा गोरखनाथ, कीर्ति, सिद्धि, खप्तड तारानाथ र गौरीशंकर गरी १५ पात्रोलाई स्वीकृति दिने निर्णय गरिएको समितिका सदस्य सचिवसमेत रहेका कार्यकारी निर्देशक ढुंगेलले बताए ।

# ज्येष्ठ नागरिक तथा अशक्तलाई दोसल्ला ओढाएर सम्मान



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १२ माघ

उदयपुरमा ज्येष्ठ नागरिकहरुलाई अबिरका साथै दोसल्ला ओढाएर सम्मान गरिएको छ । त्रियुगा नगरपालिका-६ वडा कार्यालय जल्जलेले शुक्रबार आयोजना गरेको ज्येष्ठ नागरिक अशक्त अपाङ्ग सम्मान कार्यक्रममा ज्येष्ठ नागरिकहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको हो । त्रियुगा नगरपालिका-६ जल्जलेको वडा अध्यक्ष योगेन्द्र दाहालले वर्तमान समयमा नयाँ पीडिहरुमा अग्रज ज्येष्ठ नागरिक पूर्खाहरुप्रतिको प्रेम, सम्मान र आदर, सहयोग हराउँदै गइरहेको परिस्थितिलाई मध्यनजर गरेर आममानिसमा एउटा शिक्षाको रूपमा सञ्चार होस् भनेर यस किसिमका कार्यक्रमहरु सञ्चालन गरिँदै आएको बताए ।

दाहालले वडाको १९ वटा टोल विकास संस्थाहरुबाट ७० वर्ष उमेर नाघेका ३ सय ७८ जना ज्येष्ठ नागरिकहरुले सहभागीता जनाएको बताए । जसमा २६ जना ज्येष्ठ नागरिकहरु अशक्त अपाङ्ग रहेका थिए ।

# चन्द्रपुरमा विभिन्न स्थानमा राखिएको ढुंगा जफत गर्न माग

**रौतहट/मस–** चुरे संरक्षित क्षेत्रबाट उत्खनन् गरेर चन्द्रपुरमा विभिन्न स्थानमा राखिएको ढुंगा जफत गर्न स्थानीयले माग गरेका छन् ।

यस विषयमा डिभिजन वन कार्यालय रौतहटले चासो नदिएको स्थानीयको आरोप छ । चन्द्रपुर नगरपालिका वडा नं. ३ स्थित चाँदी नदी किनारमा रहेका सार्वजनिक जमिनमा संकलन गरेर राखिएको



ढुंगा जफत गर्न माग गर्दै आएका छन् । चन्द्रपुर नगरभित्रका विभिन्न सार्वजनिक स्थानमा ढुंगा संकलन गरेर राखिएको पाइन्छ ।

अवैध रुपले संकलन गरेर राखेको ढुंगा तत्काल जफत गर्न उनीहरुले डिभिजन वन कार्यालयसँग माग पनि गरेका छन् । चुरे क्षेत्रबाट दैनिक दर्जन ट्याक्टरमा ढुंगा चोरी निकासी हुँदा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रभावित बनेको छ ।चुरे क्षेत्रमा २०६७ सालदेखि चुरे संरक्षण कार्यक्रम सञ्चालनमा छ । धन्सार खोला देखि बागमती नदी सम्मको करिब ३० किलोमिटर चुरे संरक्षित क्षेत्र संरक्षण गर्न राज्यले बर्सेनी करोडौं खर्च गर्दै आएको छ ।

# समाजवादी प्रेस संगठन नेपालको केन्द्रीय पदाधिकारी बैठक सम्पन्न

**प्रेमचन्द्र झा/मध्यान्ह**
पर्सा, १२ माघ




समाजवादी प्रेस संगठन नेपालको केन्द्रीय पदाधिकारी बैठक शुक्रबार वीरगञ्जमा सम्पन्न भएको छ । केन्द्रीय अध्यक्ष विश्वमणि सुवेदीको अध्यक्षतामा बसेको बैठक महासचिव रामकुमार एलनले सञ्चालन गरेका थिए ।

बैठकमा नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापा र वीरगञ्ज महानगरका अध्यक्ष मनोज चौधरीको आतिथ्यता रहेको थियो । बैठकको आरम्भमा केन्द्रीय लेखा आयोगका संयोजक मदन ठाकुरले शपथ ग्रहण गरेका थिए । बैठकले विशेष कमिटी गठन गरेको छ । सम्पूर्ण विषयको समन्वय गर्ने कमिटीको संयोजकमा विश्वमणि सुवेदी तथा सदस्यहरुमा नवराज छतकुली, रामकुमार एलन, कृपा भण्डारी, बृजलाल पासवान, जीवन बिसी, नरेन्द्र साउद रहेका छन् । यस्तै बैठकले अध्ययनका क्रममा चीनमा रहेका उपाध्यक्ष तेजप्रसाद वाग्लेको राजीनामा स्वीकृत गरेको छ ।

यस्तै बैठकले विभिन्न समितिमा पदाधिकारी मनोनीत गर्ने निर्णय गरेको छ । उपाध्यक्ष (एसोसिएट्स/प्रतिष्ठान)मा ललितपुर/वातावरणमा पत्रकार समूहका सबिन शर्मा, केन्द्रीय अनुशासन आयोगको संयोजकमा कैलालीका हरि जोशी, केन्द्रीय सदस्यमा जुम्लाका नन्दराम जैसी तथा केन्द्रीय सदस्यमा प्यूठानका जीवन हमाल मनोनीत भएका छन् ।

यस्तै बैठकले केन्द्रीय कमिटी बैठक चैत महिनाभरि लुम्बिनीमा गर्ने निर्णय गरेको छ । बैठकले सहाना प्रधान स्मृति पत्रकारिता पुरस्कार, वीरेन्द्र साह स्मृति पत्रकारिता पुरस्कार र डेकेन्द्रराज थापा स्मृति पत्रकारिता पुरस्कारका लागि नाम अनुमोदन गरेको छ । साथै बैठकले पत्रकार महासंघको निर्वाचनका क्रममा प्रदेश र जिल्लास्तरका सम्पूर्ण नीति र निर्णय प्रदेश कमिटीको बैठकले तय गरेबमोजिम हुने निर्णय गरेको छ ।

# 'इण्डियन आइडल'की मेनुकाले दृष्टि पाउने



**काठमाडौं/मस–** नेपाली चेली मेनुका पौडेल यतिबेला भारतकै सर्वाधिक लोकप्रिय रियालिटी शो 'इण्डियन आइडल १४'मा प्रतिस्पर्धा गरिरहेकी छिन् । उनी, उत्कृष्ट १० मा पुग्न सफल भइसकेकी छिन् ।

मान्छेलाई समेत चिन्न नसक्ने नेपाली कलाकार मेनुकाको आँखा जाँचको निम्ति 'यो रियालिटी शो'ले भरपुर सहयोग गरेको छ । 'इण्डियन आइडल'को पछिल्लो भागमा प्रशारण भएको भिडियोमा मेनुकाको आँखा,भारतका नेत्र जाँच विशेषज्ञले चेकअप गरेका छन् । डाक्टरका अनुसार विशेष डिभाइसको मद्दतले मेनुकाले एक्लै हिँड्न, मान्छे चिन्न र पढ्न सक्ने भएकी छिन् । यो भन्दा अघि उनले सहकर्मीको साहारमा हिँड्नु र चिन्नु परेको थियो ।

आँखाको चेकअपका क्रममा मेनुकाको आँखाको नर्भ्सले काम नगरेको डाक्टरले बताएका छन् । डाक्टरका अनुसार मेनुकाले पूर्ण रुपमा दृष्टि पाउन भने नसक्ने बताइएको छ । तर विशेष डिभाइसको मद्दतबाट भने मेनुकाले केही मात्रामा भएपनि दृष्टि पाउन सक्ने र मान्छे चिन्न सक्ने बताइएको छ ।

डाक्टरको यो भनाइपछि मेनुका निकै उत्साहित छिन् । इण्डियन आइडलकी निर्णायक श्रेया घोषले मेनुकाले मान्छे चिन्ने भएको चिन्न सक्ने भएकोमा बधाई दिएकी छिन् । यसैगरी उनले आफूले चाँडै नै मेनुकाको आँखामा यो डिभाइस राखेको हेर्न चाहेको समेत बताएकी छिन् । रियालिटी शोमा गायिका आशा भोस्लेका गीत गाउन सफल भएकी मेनुकाले गीत गाएपछि निर्णायक मण्डल नै उठेर उनको सम्मान गरेका थिए ।

# भारतीय दूतावासले मनायो आफ्नो ७५औं गणतन्त्र दिवस

**काठमाडौं/मस–** नेपालस्थित भारतीय राजदूतावासले भारतको ७५ औं गणतन्त्र दिवस मनाएको छ । काठमाडौंस्थित भारतीय दूतावासामा आयोजित समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरी कार्यक्रमको शुभारम्भ गरे ।

सो अवसरमा उनले नेपालमा रहेका भारतीय डायस्पोराका सदस्यहरुलाई पनि शुभकामना व्यक्त गरे । त्यसपछि भारतका राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो । भारतीय राष्ट्रपति मुर्मूले आफ्नो सन्देशमा गत स्वतन्त्रता दिवस यता विभिन्न क्षेत्रमा भारतले हासिल गरेको उपलब्धि, भारतको अध्यक्षतामा सम्पन्न जी-२० शिखर सम्मेलन र चन्द्रयान-३ मिसनबारे चर्चा गरे ।

सोही अवसरमा राजदूत श्रीवास्तवले मृतक सैनिकका श्रीमती र निकटतम नातेदारलाई रु पाँच करोड सात लाख नगद तथा कम्बल वितरण गरी सम्मान गरे । सेवानिवृत्त सैनिकहरुलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै उनले नेपालमा बसोबास गरिरहेका भूतपूर्व सैनिकहरुका लागि भारत सरकारको कल्याणकारी पहलहरु समावेश गरिएको भूपू-२०२४ पत्रिकाको लोकार्पण गरे ।

कार्यक्रममा दूतावासले ३० वटा संस्थालाई रु १९ लाख बराबरको पुस्तक उपहारस्वरुप वितरण गरेको छ । सो अवसरमा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति दिएका थिए ।

**विमानस्थलभित्रै...**

दिएको आरोपमा अध्यागमनका अधिकृत नरवीर खड्कालाई पक्राउ गरिएपछि यहाँ विवाद बढेर गएको हो । उपत्यका अपराध अनुसन्धानले खड्कालाई पक्राउ गर्नुका साथै अरु दुई जनाविरुद्ध पक्राउ पूर्जी जारी गरेको छ । खड्काको साथबाट विदेश पठाउने ५६ जनाको सूची समेत बरामद भएको प्रहरीले जनाएको छ । यसपछि प्रहरीले कर्मचारीमाथि समेत निगरानी गर्न थालेको त्यहाँका कर्मचारीहरुको आरोप छ ।

**नेपाल...**

नासिर खान ८३ बलमा ३ चौकासहित ३१ रनमा दीपेश कँडेलको बलमा कट एन्ड बोल्ड आउट भए । फरिदुनले ६५ बलमा ४ चौकासहित २९ रनमा आउट भए । नेपालका आकाश चन्दले ८ ओभरमा ३४ रन खर्चेर ५ विकेट लिए । दीपेश कँडेलले ८ ओभरमा १ मेडनसहित १७ रन खर्चेर २ विकेट लिए । गुलशन झाले ८ ओभरमा १ मेडनसहित ४२ रन खर्चेर १ विकेट लिए । सुवास भण्डारीले ८.१ ओभरमा १ मेडनसहित १५ रन खर्चेर १ विकेट लिए । तिलक भण्डारीले ८ ओभरमा १ मेडनसहित २८ रन खर्चेर १ विकेट लिए ।

समूह चरणमा प्रतिस्पर्धा गरेका १६ टोलीमध्ये सुपर सिक्समा हरेक टोलीबाट ३-३ टोली पुग्ने छन् । सुपर सिक्समा समूह ए र डी तथा समूह बी र सी का टोलीबीच प्रतिस्पर्धा हुनेछ । समूहमा पहिलो हुने टोलीले सुपर सिक्समा अर्को समूहको दोस्रो र तेस्रोसँग खेल्नेछन् । यस्तै दोस्रो हुनेले अर्को समूहको पहिलो र तेस्रो तथा तेस्रो हुने टोलीले अर्को समूहको पहिलो र दोस्रोसँग खेल्ने छ । नेपालले अब सुपर सिक्सको समूह १ मा समूह ए को विजेता र उपविजेतासँग खेल्नेछ । समूह ए मा भारत शीर्ष स्थानमा रहँदा बंगलादेश दोस्रो स्थानमा रहेको छ । जसअनुसार नेपालले अब ३१ जनवरीमा समूह ए को उपविजेता बंगलादेश तथा फेब्रुअरी ३ मा समूह ए को विजेता भारतसँग खेल्नेछ । समूह १ र २ का शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् ।

**मन्त्रालयमा...**

परामर्श वा सहमति प्रदान गरेको सरह मानी उक्त विषयमा आवश्यक कारबाही अगाडि बढाउन सकिने' सरकारले गरेको निर्णयमा भनिएको छ ।

मुख्यसचिव वैकुण्ठ अर्यालका अनुसार विभिन्न मन्त्रालय र निकायले मागेको राय र सहमति दिन नै महिनौं लाग्न थालेपछि सरकारले यस्तो निर्णय गरेको हो । विशेषगरी कानुन, अर्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित महान्यायधिवक्ताको कार्यालयमा समेत यस्तो राय वा सहमति लिन लामो समय लाग्ने गरेको छ ।

**रोजगारीका....**

कोरोनरी आर्टेरियल बाइपास ग्राफ्ट, कोमा, पूर्ण अन्धोपन, प्यारालाइसिस, बेनाइन ब्रेन ट्युमर, दुर्घटनाका कारणले भएको मानसिक रोग समावेश छन् । बीमा अवधिमा कामदारको मृत्यु भएमा आश्रित परिवारले १० लाख रुपैयाँ र घातक रोग लागि मृत्यु नभएको, तर शारिरीकरूपले मृत्युसरह मानिने अवस्था प्रमाणित भएमा १३ लाख रूपैयाँसम्म भुक्तानी पाउने व्यवस्था छ । घातक रोगमात्रै लागेको अवस्थामा भने ५ लाख भुक्तानी पाउने व्यवस्था छ । त्यस्तै बिमितको आयको नोक्सानीबापत २ लाख, किरिया खर्चबापत १ लाख, औषधि उपचार खर्चबापत १ लाखसम्म, शव ल्याउने खर्चबापत १ लाख रूपैयाँ भुक्तानी दिनुपर्ने व्यवस्था छ ।

**पोर्चुगल...**

रुपैयाँ लिएको उजुरीको आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । न्यौपानेले धमलासमेत ७ जनालाई पोर्चुगल पुगेपछि प्रतिष्ठित कृषि कम्पनीमा काम लगाइदिन्छु, मासिक एक लाख २० हजार रुपैयाँ तलब हुन्छ भनि प्रलोभनमा पारी उनीहरूबाट पटक-पटक गरी १२ लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको पीडितहरूले जाहेरीमा उल्लेख गरेका छन् । काठमाडौंको माछापोखरीबाट पक्राउ परेका न्यौपानेलाई वैदेशिक रोजगार ऐनअनुसार थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

Ashok Leyland Vehicle Price List (MRP) (Effective from 27th January, 2024)

| S.N. | Model | MRP |
| --- | --- | --- |
| 1 | AL U 2518 6X4 7 CBM RMC BS IV | 6,610,000 |

IME MOTORS
Corporate Office:
Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921
ASHOK LEYLAND

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
दोस्रो पटक प्रकाशित मिति: २०८०/१०/१३
**एम्वीएन्ट फोटोग्राफी प्रा.लि.** को मिति २०७६/०९/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एम्वीएन्ट फोटो स्टुडियो प्रा.लि. (प्रा.लि. नं.: २२८९४६)** कायम गर्ने गरी मिति २०७६/१०/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा रोजगार | कम्पनी: CLEANING ART FOUNDATION FOR MAINTENANCE AND CLEANING
शहर: Dammam
पुर्व स्वीकृत मिति: २०८०/१०/११ चलानी नं.: ६०२१३८३१ LT. No.: 298763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Roof Cleaners | 2 | 0 | स. काममा दक्ष | 1700 | ६०,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २० गते (3 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १२२०/०७४/७५
United World Manpower Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

यूएईमा रोजगार
कम्पनी: TASK FOX CLEANING SERVICES
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/११ चलानी नं.: ६०२१३७५० LT. No.: 297197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Cleaner | 0 | 50 | स. काममा दक्ष | 1200 | ४३,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: GOLDEN POWER SHIP AND BOATS SPARE AND COMPONENTS TRADING CO. LLC. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/११ चलानी नं.: ६०२१३७५१ LT. No.: 297883

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Boat Mechanic | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ship Electrician. | 5 | 0 | | 2000 | ७२,२६० | | | | | | | |
| 3. | Stevedore | 5 | 0 | | 1100 | ३९,७४३ | | | | | | | |
| 4. | Telecommunication Assistant | 5 | 0 | | 2200 | ७९,४८६ | | | | | | | |

अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० माघ २० गते (3 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Blue Galaxy Overseas Pvt. Ltd.
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Mobile No.: 9841337113, Website : www.bluegalaxyovs.com
Gov. Lic. No. 186/057/058

# विश्व शान्तिका लागि संवादमा जोड दिन प्रधानमन्त्री दाहालको आग्रह



**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्व शान्तिका लागि द्वन्द्वरत पक्षबीच संवाद हुनुपर्नेमा जोड दिएका छन् । संयुक्त राष्ट्रसंघको निःशस्त्रीकरण मामिलासम्बन्धी उच्चस्तरीय प्रतिनिधिमण्डलसँगको भेटका क्रममा उनले नेपाल सदैव विश्व शान्तिको पक्षमा रहेको बताए ।

निःशस्त्रीकरण मामिलासम्बन्धी संयुक्त राष्ट्रसंघको निकाय युएनओडिएका तर्फबाट उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गरेकी मिस इजुमी नाकामित्सुसहितको टोलीसँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले नेपालको शान्ति प्रक्रियाको उदाहरणीय रहेको बताए। उनले विश्व शान्तिका लागि संवाद मात्रै एकमात्र विकल्प भएकामा जोड दिए ।

'नेपालको ऐतिहासिक शान्ति प्रक्रिया विश्वका मुलुकका लागि उदाहरण बनेको छ', उनले भने, 'अहिले विश्वका कैयन् क्षेत्र अत्यन्तै संवेदनशील अवस्थामा छन्। रुस-युक्रेन युद्ध, इजरायल-हमास द्वन्द्वलगायत घटनाले विश्व शान्तिमा चुनौती थपेका छन् तर हामी वार्ता र संवादका माध्यमबाट समाधान खोज्नुपर्नेमा जोड दिन चाहन्छौं।'

प्रधानमन्त्री दाहालले बुद्ध जन्मेको भूमि र शान्तिप्रिय देश नेपालले विश्वमा शान्ति स्थापनाका लागि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा उल्लेख्य भूमिका खेल्दै आएको समेत स्मरण गराए । उनले संयुक्त राष्ट्रसंघको महासभामा अति कम विकसित देशहरुको नेतृत्वकर्ताको हैसियतले खेलेको भूमिकाबारे समेत चर्चा गर्दै शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसंघका प्रयासमा सदैव साथ दिने र नेपालले विश्व शान्तिका लागि नेतृत्वदायी भूमिका खेल्ने बताए । 'विश्व शान्ति तथा निःशस्त्रीकरणका पक्षमा संयुक्त राष्ट्रसंघले खेलेको भूमिका प्रशंसनीय छ', उनले भने, 'हामी संयुक्त राष्ट्र संघका हरेक कदममा साथ छौं र भविष्यमा पनि साथ रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

छलफलमा इजुमी नाकामित्सुले निःशस्त्रीकरण मामिलाको दक्षिण एसियाली केन्द्रको कार्यालय नेपालमा स्थापना गरिएको र नेपाल दक्षिण एसियाली क्षेत्रमा शान्ति केन्द्र बन्ने अपेक्षा राखेको बताइन् । 'परमाणु हतियारले सुसज्जित छिमेकीका बीचमा नेपाल शान्ति केन्द्र बन्ने अपेक्षा राखेर केन्द्रको स्थापना गरिएको हो', उनले भनिन्, 'नेपालले विगतमा झैं क्षेत्रीय र वैश्विक शान्तिका पक्षमा आफ्नो भूमिका प्रभावकारी खेल्ने अपेक्षा रहेको छ ।'

सो अवसरमा इजुमीले शान्ति मिसनमा दोस्रो योगदानकर्ता राष्ट्रका रुपमा नेपालले खेलेको भूमिकाको समेत प्रशंसा गरिन्। छलफलमा संयुक्त राष्ट्रसंघको नेपालस्थित आवासीय प्रतिनिधि हाना सिङ्गर, प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार रुपक सापकोटा, परराष्ट्र मन्त्रालयका अधिकारीलगायतको उपस्थिति थियो ।

# 'उद्योगी व्यवसायीका समस्या समाधान गर्न पहल गर्छु'

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ माघ



लुम्बिनी प्रदेशमा उद्योग तथा यातायातमन्त्री सरोज थापाले उद्योगी व्यवसायीहरुका अहिले देखिएका समस्या समाधान गर्ने बताएका छन्। तेस्रो सितगंगा कृषि पर्यटन तथा औद्योगिक प्रदर्शनी महोत्सव २०८० को अर्घाखाँचीको सितगंगा सितापुरमा उद्घाटन गर्दै मन्त्री थापाले आर्थिक अवस्था चलायमान नहुँदा उद्योगी व्यवसायीहरुलाई समस्या भएको बताए ।

उनले बन्द रहेका उद्योगहरु सञ्चालन हुने अवस्था ल्याउन र बैंक कर्जाका समस्या समाधान गर्नका लागि उद्योगी व्यवसायीसँग छलफल गर्ने बताए । कार्यक्रममा सितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले अर्घाखाँचीमा यातायात व्यवस्था कार्यालय नहुँदा जिल्लावासीलाई ठूलो समस्या भएकाले यातायात सेवा कार्यालय अर्घाखाँचीमा ल्याउने वातावरण बनाउन माग गरे ।

जिल्लाको दक्षिण खाँची भनेर चिनिने सितगंगामा विकासको प्रचुर सम्भावना भएपनि सिँचाई र पूर्वाधार खानेपानी विकासको पहुँच नपुग्दा संघीय सरकार प्रदेश सरकारले बजेटमा उपेक्षा गर्दा देशकै ठूलो नगरपालिकाले विकासले फड्को मार्न नसकेको मेयर पौडेलले गुनासो गरे । कार्यक्रममा नगरपालिकाका उपप्रमुख गिता भाटले नगरपालिकामा भएको सिमित बजेटले मात्र भौगोलिक रुपमा निकै कठिन रहेको सितगंगामा विकासका काम गर्न समस्या भएकाले प्रदेश सरकाले बजेटमा ध्यान दिनुपर्ने बताइन् ।

उद्घाटन कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य जमशेर अली मियाले उद्योगी व्यवसायीहरुका समस्या समाधान गर्न सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

केन्द्रीय सदस्य मियाले अर्थतन्त्र चलायमान बनाउन यो महोत्सवले ठूलो भूमिका खेल्ने बताउदै लगानीको वातावरण तयार गर्न सरकारसँग आग्रह गरेका थिए । मियाले अर्घाखाँची जिल्लाको विकासका लागि ट्रायलसहितको यातायात कार्यालय जिल्लामा स्थापना गर्न र उद्योग धन्दाहरु सञ्चालन गरी स्वरोजगार सिर्जना गर्नेतर्फ लाग्न प्रदेश सरकारलाई सुझाव दिएका थिए ।

कार्यक्रममा सितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा, नेपाली कांग्रेसका जिल्ला सचिव कृष्णप्रसाद खनाल, नेकपा समाजवादीका जिल्ला अध्यक्ष राम बहादुर चौहान, पत्रकार महासघका जिल्ला सहसचिव हृदय कुमार भुसाल, उद्योग वाणिज्य सघका सचिव सन्तोष बस्नेतले शुभकामना दिएका थिए । कार्यक्रम उद्योग वाणिज्य संघ सितगंगाका अध्यक्ष चिन्तराज अधिकारीको अध्यक्षतामा भएको थियो ।


## कतारमा रोजगार

कम्पनी: **AS POWER TRADING AND CONTRACTING**
शहर: **Kuwait**
पूर्व स्वीकृत मितिः २०८०/०९/२३ | चलानी नं.: ६०२१२७९८ | L.T. No.: 297776 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant/auditor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १३१,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1400 | ५०,९७४ | | | | | | | |
| 5. | Foreman | 7 | 0 | | 2500 | ९१,०२५ | | | | | | | |
| 6. | Labour | 22 | 0 | | 1000 | ३६,४१० | | | | | | | |
| 7. | Mason | 2 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 8. | Painter | 5 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 9. | Plumber | 5 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 10. | Representative | 1 | 0 | | 2200 | ८०,१०२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २० गते (3 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
**New Sambriddhi Overseas Pvt. Ltd.**
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com
Mobile: 9818081225 | 9869396315 | 9841215500


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/१३**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०९/०३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/GOODS/2080/081-02 | Supply and Delivery of Stationary Goods | श्री Indreni Trade Link., काठमाडौं-३२, काठमाडौं | रु. १६,५६,३२६।८८ |

## सोरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/१३**

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार तपशिल बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रायोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि न | ठेक्का नम्बर | कामको विवरण | छनोट भएका बोलपत्र दाताहरु | स्वीकृत रकम रु (VAT and PS) सहित |
|---|---|---|---|---|
| १ | SRM/MUGU/NCB/WORKS/RC/LISP/03/2080-081 | कालै देखी ठिन्केरुख सम्म सडक निर्माण | बि एस निर्माण सेवा | ४७,९९,६७५।३७ |
| २ | IFB NO: SRM/MUGU/NCB/GOODS/LISP/02/2080-81 | Supply, Delivery, Loading/Unloading of Construction Material for Construction Works of Mula Dekhi Bhitta Khet samma Sichai Kulo Nirman Soru RM-11 | जय महारानी कन्स्ट्रक्सन | २३,३२,१२३।९७ |

**नि. प्रमुख प्रशासकिय अधिकृत**

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## सडक पूर्वाधार विकास कार्यालय
बाँके, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०/१०/१३)**

यस कार्यालयको मिति २०८०/०८/२९ गते बोलपत्र सम्बन्धी प्रकाशित सूचना अनुसार निर्धारित मिति र समयभित्र www.bolpatra.gov.np/epg मा दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्युनतम मूल्याकिंत भई सारभुत रुपमा प्रभावग्राही समेत देखिएकोले बोलपत्र स्वीकृतको लागी सार्वजनिक खरिद ऐन २०६३, दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ७४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

| S. N. | Description of Work | Contract ID | Name & Adress of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | Blacktop work at Titrihiya (Chandani chowk) Sonapur (Simalghari) Sitapur (Gaughat) sadak (Pot hole Maintenance work) | RIDO/BANKE/ROAD/W/NCB/30/080-81 | Mastadev Nirman Sewa Kohalpur-8, Banke | 20,24,941.81 |
| 2 | Asphalt Concrete, R.C.C Drain & Toe wall works at Raja to Rajapur ( Raja chowk, Guruwa Gau Gijara, E gau section) | RIDO/BANKE/ROAD/W/NCB/75/080-81 | Kalpeshwor Nirman Sewa, Rapti Sonari-2 | 83,76,857.89 |
| 3 | Blacktop Work at Bankatta chowk-Sahupurba, Janaki 2 Banke | RIDO/BANKE/ROAD/W/NCB/76/080-81 | Subh Shanti Nirman Sewa, Nepalgunj-8 | 29,47,835.02 |
| 4 | Protection works of Rohini Nala Bridge along Chappargaudi-Simari Road, Kohalpur Municipality-12, Banke | RIDO/BANKE/ROAD/W/NCB/77/080-81 | Jaya Shambu Construction, Nepalgunj 3 | 19,26,625.25 |
| 5 | PCC pavement, Toe wall and Culvert At J K Mill dekhi sundarnagar Samma Nalaamaa Diwaal Lagai PCC Sadak ra Culvert Nirman Nepalgunj 1 | RIDO/BANKE/ROAD/W/NCB/78/080-81 | Kalpeshwor Nirman Sewa, Rapti Sonari-2 | 15,65,044.11 |
| 6 | Gravel Road at Kataiya Halkara Purba Jodne Sadak maa mato Gravel Estarunatti, Duduwa 03 | RIDO/BANKE/ROAD/W/NCB/79/080-81 | Tika Nirman Sewa, Kamdi-7 | 12,26,788.75 |




पत्रकारको कथा

# दीर्घराज उपाध्याय : भुइँमान्छेका 'असली पत्रकार'



■ टेकेन्द्र देउवा

सुदूरपश्चिमको धनगढीबाट २०५६ सालमा पत्रकारिता शुरू गरेका दीर्घराज उपाध्यायका शुरूवाती दिन सहज थिएनन् । तिनै उपाध्यायले दुई दशक लामो अविचलित संघर्षले मोफसलबाट पत्रकारितामा अलग पहिचान बनाएका छन् । खाँचा भरेर अखबार छाप्ने गिट्टे प्रेसबाट शुरू भएको पत्रकारिता यो दुई दशकमा डिजिटल युगमा प्रवेश गरेको देख्दा उनलाई शुरूवाती दिनहरू सपना जस्तै लाग्छन्, अचेल । कहाँ त्यो यासिका क्यामेराको युग । कहाँ यो डिजिटल युग ?

सेती समाचारबाट पत्रकारिता शुरू गरेका उनले एक वर्षपछि नयाँ सडक दैनिकको संवाददाताका रूपमा काम गरे । २०५८ जेठ १९ गते राजधानी दैनिकमा जोडिएका उनले एक दशक बढी समय सुदूरपश्चिम ब्यूरोका रूपमा काम गरे । उनी राजनीति, अर्थ, पर्यटन, खेलकुद, शिक्षा, समाज सबै विषयमा कलम चलाउँथे ।

पानामा लेखेर काठमाडौं फ्याक्स गर्थे । प्रति पानाको फ्याक्स शुल्क २५ रूपैयाँ थियो । यासिका क्यामेरा, कोडाकको रिल, साइकलको यात्रा, एउटा फोटो पठाउन कहिल्यै काहीँ पूरै रिल बिग्रिन्थ्यो । आम्दानीभन्दा खर्च बढी । ६० को दशकमा धनगढीमा इन्टरनेट सेवा शुरू भयो । मेल गरेको प्रति मिनेटको १५ देखि २० रूपैयाँ शुल्क लाग्थ्यो । डिजिटल क्यामेरा र कम्प्युटर र ल्यापटप भित्रिसकेको थियो । सँगै अफसेट प्रेस भित्रियो । पत्रकारिताले गिट्टे प्रेसबाट अफसेटमा फड्को मार्‍यो ।

उता माओवादीले २०५२ सालमा शुरू गरेको सशस्त्र विद्रोह चरमोत्कर्षमा थियो । गाउँबाट सल्किएको माओवादी विद्रोह शहरभित्र पनि फैलिसकेको थियो । धनगढीमा दिउँसै गोली चल्थ्यो । माओवादीले छापामार शैलीमा प्रहरी र राजनीतिकर्मीलाई निशाना बनाउँथे ।

लठ्ठीबाट विद्रोह शुरू गरेका माओवादीका हातमा भरुवा बन्दुक हुँदै एम १६ आइसकेको थियो । त्योसँगै माओवादीले थुप्रै जिल्लाका सदरमुकाम, सेना, सशस्त्र प्रहरी र प्रहरीका गण तथा चौकीहरू कब्जा गरी ठूलो मात्रामा हतियार कब्जा गरेका थिए । पत्रकारहरू माओवादी विद्रोही र सरकारको दोहोरो चेपुवामा थिए । 'सेल्फ सेन्सरसीप' थियो । तर, उनले माओवादी र राज्य पक्षका ज्यादती लेख्न छोडेनन् । माओवादी र सुरक्षा फौजबीच भिडन्तको नजिकबाट रिपोर्टिङ्ग गरेका उनले दुवै पक्षको क्षति आँखै अगाडि देखेका छन् । उनी रिपोर्टिङ्गका लागि रोल्पादेखि बाजुरासम्म पुगे । उनी माओवादी सशस्त्र संघर्ष र द्वन्द्व पत्रकारिताका एक साक्षी हुन् ।

सिंहदरबार र काठमाडौं खाल्डोलाई सबैथोक मान्ने र त्यही सेरोफेरोलाई मात्र महत्व दिने समय र सोचमा उपाध्याय अपवाद थिए । उनले जहिल्यै सिमान्तकृत र भुइँ मान्छेका कुरा उठाए । उनी रेडियो बहस कार्यक्रम लिएर कैलालीको पण्डौन, सुगरखाल, पवेराको हौसलपुर र मोहन्याल पुगे । जनताका मुद्दा र माग सम्बोधनका लागि निरन्तर राज्यलाई दबाब दिइरहे ।

धनगढीबाट इमेज टेलिभिजन, कम्युनिकेशन कर्नर, हिमाल खबर पत्रिका, नेपाली टाइम्स र नेपाल म्यागिजनका लागि काम गरेका उनले सञ्चारिका समूहको क्षेत्रीय सम्पादकका रूपमा समेत जिम्मेवारी निर्वाह गरे । रिपोर्टरबाट शुरू भएको उनको पत्रकारिताको क्यारियर, संघर्ष र सफलता पत्रकारिता गर्न चाहनेहरूका लागि प्रेरणादायी कथा हो ।

२०६६ सालदेखि सुदूरपश्चिमको अग्रणी सञ्चार गृह पश्चिम टुडे मिडिया हाउस सञ्चालन गर्दै आएका उपाध्यायकै नेतृत्वमा ब्रोडसिट दैनिक, १००० वाट क्षमताको एफएम रेडियो र पश्चिम टुडे डटकम अनलाइन न्यूज पोर्टल सञ्चालनमा छन् । जसको उनी अध्यक्ष तथा प्रधान सम्पादकको जिम्मेवारीमा छन् ।

उनी सन् २०१३ देखि २०२३ सम्म संसारका विभिन्न देशमा रिपोर्टिङ र कार्यक्रमका सिलसिलामा पुगे । बंगलादेश र चीन गए । त्यहाँको स्टोरीहरू गरे । चारैतिर द्वन्द्व हुँदा पनि जोर्डन कसरी जोगिएको छ, त्यस सम्बन्धमा लेखे । अनमीन मिसनमा द्वन्द्वग्रस्त मुलुक सुडान पुगे । शान्ति सेनाले शान्ति स्थापनार्थ खेलेको भूमिका, जातीय द्वन्द्वले छियाछिया भएको सुडानको बारेमा लेखे । इथोपियाले विकासमा मारेको फड्को लेखे । पहिलो आम निर्वाचनका क्रममा उनी सन् २०१६ मा म्यानमार पुगे । निर्वाचनको परिणामपछि सुकीका चुनौती र त्यहाँका नेपालीहरूको समग्र अवस्थाका बारेमा लेखे ।

२० भन्दा बढी मुलुकको भ्रमण गरिसकेका उनले थुप्रै अन्तर्राष्ट्रिय अवार्ड पनि पाएका छन् । उनले सन् २०२२ मा अमेरिकी सरकारको विदेश मन्त्रालयले निमन्त्रणमा तीन हप्ता लामो आईभिएलपी कार्यक्रममा सहभागी हुने अवसर पाए ।

**पत्रकारको सुरक्षाका लागि अविचलित संघर्ष**

१७ हजार जनाले ज्यान गुमाएको १० वर्षे सशस्त्र द्वन्द्वमा माओवादी र सरकार पक्षबाट थुप्रै पत्रकारहरू मारिए । विस्थापित भए । उनले



> सिंहदरबार र काठमाडौं खाल्डोलाई सबैथोक मान्ने र त्यही सेरोफेरोलाई मात्र महत्व दिने समय र सोचमा उपाध्याय अपवाद थिए । उनले जहिल्यै सिमान्तकृत र भुइँ मान्छेका कुरा उठाए । कहिले रेडियो त कहिले पत्रिका हुँदै सुदूरपश्चिमका गाउँहरू डुलिरहे । जनताका मुद्दा र माग सम्बोधनका लागि निरन्तर राज्यलाई दबाब दिइरहे ।

द्वन्द्वको रिपोर्टिङ मात्र गरेनन्, नेपाल पत्रकार महासंघको नेतृत्वमा रहँदा मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टीका लागि दुवै पक्षलाई दबाब दिए । २०६५ जेठ १३ गते माओवादी अपहरणबाट मुक्त गरी उर्माबाट ल्याएका पत्रकार लक्की चौधरीलाई दुई दिनपछि जिल्ला प्रशासन कार्यालयमा माओवादी आक्रमणबाट पुनः जोगाए । सोही समय भएको झडपमा प्रहरीले गोली चलाउँदा तीन जना प्रदशर्नकारीको घटनास्थलमै मृत्यु भयो । उपाध्यायको कुशल नेतृत्वका कारण सबै पत्रकारहरू जोगिए । त्यसपछि तीन दिनसम्म लागेको कर्फ्युकै बीच उनले चौधरीलाई काठमाडौं पुर्‍याए । बन्द पत्रिकाहरू उपाध्यायकै पहलमा पुनः सञ्चालनमा आए । र, पत्रकारहरू काममा फर्किए ।

नेपाली सेनाले नियन्त्रणमा लिएका पत्रकार नगेन्द्र उपाध्यायलाई उनले हिरासतबाट मुक्त गरे । टीकापुरमा तत्कालिन रेडियोकर्मी (हाल नागरिक उन्मुक्ति पार्टीका प्रमुख) रेशम चौधरीमाथि दुर्व्यवहार गर्नेलाई माफी मगाए । कानुनी दायरामा ल्याएका पत्रकार कर्ण कुँवरमाथि आक्रमण गर्ने माओवादी कार्यकर्ताहरूलाई लिखित माफी मगाई छाडे ।

कैलालीको अत्तरीयाबाट वेपत्ता पारिएका जनदिशा दैनिकमा कार्यरत पत्रकार जगतप्रसाद (जेपी) जोशीका परिवारलाई न्याय दिलाउन उनले निकै संघर्ष गरे । उपाध्यायकै अगुवाइमा थालिएको आन्दोलनका कारण जोशीको परिवारलाई राज्यले १० लाख रूपैयाँ क्षतिपूर्ति दियो । र, घटनामा संलग्न व्यक्तिहरू पक्राउ परे ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पत्रकारहरूको हकहीत, अधिकार र सुरक्षाका लागि निर्वाह गरेको भूमिकाको उच्च मूल्यांकन गर्दै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले नेपाल पत्रकार महासंघका ७५ जिल्ला र एशोसियट गरी एक सयभन्दा शाखा अध्यक्षमध्ये उपाध्यायलाई महासंघको ५४औं स्थापना दिवसका अवसरमा २९ मार्च २००९ मा काठमाडौंमा आयोजित समारोहमा प्रमुख अतिथि सभामुख सुवास नेम्वाङको हातबाट उत्कृष्ट शाखा अध्यक्षको अवार्ड प्रदान गरेको थियो । सन् २०१८ देखि ०२२ सम्म सामुदायिक रेडियो प्रसारक संघको प्रदेश अध्यक्ष समेत रहेर काम गरेका उनले आफ्नो कार्यकालमा रेडियो र रेडियोकर्मीहरूको समेत हकहीत, अधिकार र सुरक्षाका लागि बहस, पैरवी र संघर्ष गरेका थिए ।

**समाजसेवामा पनि सधैं अगाडि**

सामाजिक क्षेत्रमा सक्रिय उपाध्यायकै अगुवाईमा सन् २०१३ मा धनगढीमा रोटरी क्लबको स्थापना भएको हो । उपाध्यायको संयोजनमा धनगढीबाट एक करोड रूपैयाँभन्दा बढीको राहत सामग्री २०७० सालको महाभुकम्पबाट प्रभावित जिल्लाहरूमा वितरण गरिएको थियो । चिकित्सकको टोलीले गोरखा पुगेर घाइतेहरूको उपचार गरेको थियो ।

करिब दुई करोड रूपैयाँको लागतमा कैलालीको गोदावरी नगरपालिकाको ओलानीमा उनकै अगुवाईमा निर्माण भएको खानेपानी आयोजनाबाट एक हजार बढी घरधुरीले शुद्ध खानेपानी पिउन पाएका छन् ।

